नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन ०६५ ५६०१३३,
५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७८।०१।१२

## जनहितमा जारि सूचना तनहुँ जिल्लामा

विश्वभरि फैलिएको नयाँ प्रजाती (भेरियन्ट) सहितको कोभिड -१९ को महामारी संक्रमण तनहुँ जिल्लामा पनि बढ्दै गएको विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को बैठक मिति २०७८।०१।०६ को निर्णय अनुसार सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट जारी भएको आदेश समेतलाई आधार मनि तपसिल अनुसार गर्नु गराउनु हुन सबै सरोकारवालाहरुमा तनहुँ जिल्ला कोभिड-१९संकट ब्यवस्थापन केन्द्र (DCCMC) को बैठकको निर्णय समेतका आधारमा अनुरोध गरिन्छ । उल्लेख भए अनुसार गरे गराएका नपाईएमा संक्रमक रोग ऐन, २०२० को दफा ३ अनुसार कारवाहि गरिने व्यहोरा समेत सूचित गरिन्छ।

### तपसिल

(क) सम्भव भए सम्मं शिक्षण संस्थाहरुमा भौतिक रुपमा उपस्थित नभई भर्चुअल वा वैकल्पिक शिक्षण सिकाइका विधिहरु अपनाई शिक्षण कार्य सञ्चालन गर्ने। सो सम्भव नभएमा सिफ्ट पद्धतिमा एउटा कक्षा कोठामा २५ जना भन्दा बढी नराखी सामाजिक दुरी एवं निर्धारित स्वास्थ्य मापदण्ड पूरा गरी पठन पाठन गर्ने गराउने। विद्यालयले विद्यार्थीहरुमा अनिवार्य रुपमा मास्क लगाउन लगाउने व्यवस्था गर्ने। परिक्षा संचालन गर्दा भौतिक दुरि कायम हुने गरि निर्धारित स्वास्थ्य सुरक्षाका सबै मापदण्ड पूरा गरि गराई विद्यालय स्तरका परिक्षाहरु आवश्यकता अनुसार सिफ्ट पद्धितिमा सञ्चालन गर्ने।

(ख) सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लव, हेल्थ क्लव, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रंगशालामा हुने दर्शक सहितको खेलकूद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सम्वत २०७८ साल बैशाख मसान्तसम्म बन्द गर्ने।

(ग) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जमघट नगरी जनस्वास्थ्यका निर्धारित मापदण्ड पालना गर्ने गरी नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने।

(घ) सामाजिक र साँस्कृतिक कार्यहरु विवाह, ब्रतबन्ध लगायतमा २५ जना भन्दा सहभागी नहुने र सहभागीहरुले जनस्वास्थ्यका सबै निर्धारित मापदण्ड पूर्णपालना गर्ने गरि पूर्व स्वीकृति लिएर मात्र संचालन गर्ने गराउने।

(ङ) तालिम र प्रशिक्षणका कार्यक्रमहरु संचालन गर्दा २५ जना भन्दा बढी सहभागी नगराउने। सहभागीहरुले जनस्वास्थ्यका सबै निर्धारित मापदण्ड पूर्णपालना गर्ने गरि मात्र संचालन गर्ने गराउने। सकभर भर्चुअल विधिमा गर्ने ।

(च) सवारी साधनमा सिट क्षमता भन्दा बढी यात्रु नराख्ने, सबै यात्रुलाई मास्क अनिवार्य गर्ने लगायतका निर्धारित जनस्वास्थ्यका सबै मापदण्ड पूर्णपालना गर्ने गरि मात्र सार्वजनिक यातायात सञ्चालनमा ल्याउने।

(छ) कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने। मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने।

(ज) होटल तथा रेष्टुरेण्टले बिहान ८ बजे देखि बेलुका ८ बजे सम्म मात्र सञ्चालक, कर्मचारी र सबै ग्राहकले जनस्वास्थ्यका सबै मापदण्ड पूर्णपालना गर्ने गरि सञ्चालन गर्ने गराउने।

(झ) भारत र अन्य मुलुकबाट तनहुँ जिल्लामा आउने व्यक्तिले अनिवार्य रुपमा १० दिन क्वारेण्टाईनमा बस्ने।

२०७८।१।१२

(चित्राङ्गत बराल)
सहायक प्रमुख जिल्ला अधिकारी